**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०६ जनवरी २०२६**
**समयः १८:५० - १९:०० बजे**

१. कलकत्ता उच्च न्यायालयमा आज हंगामा गर्दा आई पैक मुद्दाको सुनुवाइ १४ जनवरीमा सारिएको छ।

२. पश्चिम बंगालका राज्यपाल लाई इमेलमार्फत बमले उठाउने धम्की आए पछि सुरक्षा व्यवस्था कडा पारिएको छ ।

३. स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले कोलकाताको चित्तरञ्जन राष्ट्रिय क्यान्सर संस्थानको समीक्षा गर्नुभयो।

४. केन्द्रीय गृह मन्त्री अमित शाहले आज राष्ट्रीय आईईडी डेटा प्रबंधन प्रणालीको भर्चुअल रूपमा शुभारम्भ गर्नुभयो।

५. मौसम विभाग अनुसार राज्यमा आगामी चारदेखि पाँच दिनसम्म चिसो जारी रहने जनाएको छ।

**कलकत्ता उच्च न्यायालय**

कलकत्ता उच्च न्यायालय आज आई पैकको साल्ट लेक कार्यालय र मध्य कोलकातामा यसका सह-संस्थापक प्रतीक जैनको निवासमा प्रवर्तन निदेशालय (ईडी) द्वारा एकैसाथ छापा मारेको हाई-प्रोफाइल मुद्दाको सुनुवाइ गर्न असफल भयो। अदालतमा अत्यधिक भीडभाडका कारण एकल पीठको न्यायाधीश शुभ्र घोषले सुनुवाई बीचमै स्थगित गर्नुपरेको थियो र अदालत कक्षबाट बाहिर निस्कनुपरेको थियो। मुद्दाको अर्को सुनुवाई अब १४ जनवरीमा हुनेछ । यस मुद्दामा मुख्य याचिका प्रवर्तन निर्देशनालय (ईडी) ले दायर गरेको छ, जसमा पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले आफ्नो संवैधानिक पदको दुरुपयोग गरेको आरोप लागेको छ। ईडीको दाबी छ कि मुख्यमन्त्रीले आई-पैक कार्यालय र प्रतीक जैनको घरमा जारी छापा र खानतलासीको क्रममा केन्द्रीय एजेन्सीका अधिकारीहरूको आधिकारिक काममा बाधा पुर्याए।

ईडीले पनि यस मामिलामा सीबीआई जाँचको माग गरेको छ र मुख्यमन्त्रीलाई याचिकाको पक्ष बनाएको छ। साथै मुख्यमन्त्रीसँगै यी दुई स्थानमा छापा मार्ने वरिष्ठ पुलिस अधिकारीहरूको भूमिकाको छानबिन गर्न पनि अनुरोध गरिएको छ। यस मुद्दामा दुई प्रत्युत्तर याचिका पनि दायर गरिएको छ। एउटा याचिका प्रतीक जैनले र अर्को सत्तारूढ तृणमूल कांग्रेसले दायर गरेका छन्। तृणमूल कांग्रेसले आफ्नो याचिकामा आरोप लगाएको छ कि आई-पीएसीले पार्टीको चुनाव रणनीति निर्माण एजेन्सीको रूपमा काम गरिरहेको छ, त्यसैले ईडीको छापा आगामी विधानसभा चुनावसँग सम्बन्धित रणनीतिक कागजातहरू जफत गर्न र भारतीय जनता पार्टीलाई हस्तान्तरण गर्न लक्षित थियो।

**मुख्यमंत्री बनर्जी**

पश्चिम बंगालमा आई-पैकसँग सम्बन्धित मुद्दाहरूमा प्रवर्तन निर्देशनालय ईडीको कारबाहीको विरोध गर्दै राज्यकी मुख्यमन्त्री तथा तृणमूल कांग्रेसकी प्रमुख ममता बनर्जीले आज सडकमा उत्रिनु भएको छ । दक्षिण कोलकातामा उहाँले विशाल विरोध मार्चको नेतृत्व गर्नुभयो जसलाई आगामी विधानसभा चुनावअघि तृणमूल कांग्रेसको शक्ति प्रदर्शनको रूपमा हेरिएको छ। यसै क्रममा सुश्री बनर्जीले आठ बी बस स्ट्यान्ड क्षेत्रबाट हाजरा मोरसम्म पैदल मार्च गर्नुभयो। उहाँसँगै राज्य सरकारका वरिष्ठ मन्त्रीहरू, सांसदहरू, विधायकहरू र पार्टीका धेरै प्रमुख नेताहरू पनि थिए। र्यालीका क्रममा ठूलो संख्यामा समर्थकहरूले केन्द्र

सरकार र भारतीय जनता पार्टी (भाजपा) माथि केन्द्रीय एजेन्सीहरूको दुरुपयोग गरेको आरोप लगाउँदै नाराबाजी गरेका थिए। त्यस घटनाक्रमपछि केन्द्र र प्रदेश सरकारबीचको टकराव चर्किएको छ ।

**भाजपा-तृणमूल कांग्रेस**

भारतीय जनता पार्टीले हिजो मुख्यमन्त्री ममता बनर्जीले आईपीएसी कार्यालयमा भएको तलासीमा अवरोध गरेको आरोप लगाएको छ र यसलाई अनैतिक, गैरजिम्मेवार र असंवैधानिक आचरण भनेको छ। नयाँ दिल्लीमा सञ्चारकर्मीहरूलाई सम्बोधन गर्दै भाजपाका वरिष्ठ नेता रविशंकर प्रसादले भन्नुभयो, "मुख्यमन्त्री ममता बनर्जीले सम्पूर्ण लोकतान्त्रिक प्रक्रिया र शासनलाई लज्जित बनाएकी छिन्। उहाँले मुख्यमन्त्रीले आफूलाई बचाउन खोजी कार्यमा अवरोध गरेको आरोप लगाउनु भयो ।
प्रवर्तन निर्देशनालयले कोइला तस्करी र हवाला लेनदेनको सम्बन्धमा कारबाही गरिरहेको छ जसअन्तर्गत विभिन्न स्थानहरूमा खोजी गरिएको थियो

**(IPAC)**

आज तृणमूल छत्र परिषद दार्जिलिङ जिल्ला कमिटीका सदस्यहरूले राज्य महासचिव अनिरुद्ध छेत्रीको नेतृत्वमा र दार्जिलिङ नगर कमिटी र युवा मोर्चाका सदस्यहरूको समर्थनमा कलकत्तामा हिजो आइ पी ए सि (IPAC) कार्यालय र प्रशान्त जैनको घरमा इ डी (ED) को छापा मारीको विरोधमा पोस्टरिङ गरे।

**आनंद बोस-बम**

पश्चिम बंगालका राज्यपाल, सी.वी. आनन्द बोसलाई इमेलमार्फत बमले उठाउने धम्की दिएपछि राजभवन (लोकभवन) मा सुरक्षा व्यवस्था कडा पारिएको थियो । राजभवन स्रोतका अनुसार धम्कीपूर्ण इमेलमा एउटा मोबाइल नम्बर पनि दर्ता गरिएको छ । धम्कीको गम्भीरतालाई मध्यनजर गर्दै पुलिस महानिर्देशकलाई जानकारी गराइएको र मोबाइल नम्बरको आधिकारिकता जाँच गरी आरोपितलाई शीघ्र पक्राउ गर्न अनुरोध गरिएको छ । यो जानकारी केन्द्रीय गृह मन्त्रालय र मुख्यमन्त्री ममता बनर्जीलाई पनि दिइएको छ ।
हाल राज्यपाल बोससँग जेड प्लस श्रेणीको सुरक्षा छ । उहाँको सुरक्षाका लागि करिब ७० जना केन्द्रीय सुरक्षाकर्मी खटिएका छन् । धम्कीपछि राज्य पुलिस र सीआरपीएफले संयुक्त रूपमा सुरक्षा व्यवस्थाको समीक्षा सुरु गरेका छन्। राजभवन (लोकभवन) परिसरमा सतर्कता बढाइएको छ र प्रवेश र निकासमा अतिरिक्त सतर्कता कायम गरिएको छ। यो धम्की यस्तो समयमा आएको छ जब कोलकातामा राजनीतिक रणनीतिकार संस्था आई-पैकको कार्यालयहरूमा प्रवर्तन निर्देशनालयले छापा मारेपछि राजनीतिक वातावरण तातो भइरहेको छ।

**शाह-एनआईडीएमएस**

केन्द्रीय गृह तथा सहकारिता मन्त्री श्री अमित शाहले आज राष्ट्रीय आईईडी डेटा प्रबंधन प्रणाली-एनआईडीएमएस भर्चुअल रूपमा शुभारम्भ गर्नुभयो। उहाँले यो प्रणाली आईईडी विरोधी र आन्तरिक सुरक्षा संयन्त्रलाई बलियो बनाउने दिशामा एक महत्वपूर्ण कदम भएको बताउनु भयो। सो अवसरमा बोल्दै श्री शाहले यो व्यवस्थाले एजेन्सीहरुबीचको आन्तरिक समन्वयलाई थप सुदृढ बनाउने बताउनु भयो । सही समयमा र सही ठाउँमा सही सूचना पुरयाउन यो प्रणाली प्रभावकारी माध्यम बन्ने उहाको भनाइ छ । राष्ट्रिय सुरक्षा गार्डद्वारा विकसित, एनआईडीएमएस एक सुरक्षित राष्ट्रिय स्तरको डिजिटल प्लेटफर्म हो। यसको उद्देश्य आईईडी सम्बन्धी डाटाको व्यवस्थित संकलन, मिलान र प्रसार सक्षम पार्नु हो।

**नड्डा-सीएनसीआई समीक्षा**

स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले आज कोलकाताको नयाँ शहरमा रहेको चित्तरञ्जन राष्ट्रिय क्यान्सर संस्थानमा सुविधा र स्वास्थ्य सेवाहरूको समीक्षा गर्नुभयो। श्री नड्डाले अस्पतालका कर्मचारीहरूसँग अन्तरक्रिया गर्नुभयो र उपचार र हेरचाहको गुणस्तर मूल्याङ्कन गर्न बिरामीहरूसँग भेट गर्नुभयो। केन्द्रीय मन्त्रीले उच्चस्तरीय बैठकमा वरिष्ठ डाक्टरहरू र प्रशासनसँग सञ्चालन मामिला र चिकित्सा पूर्वाधारको बारेमा छलफल गर्नुभयो।

**शुभेंदु अधिकारी**

पश्चिम बंगाल विधानसभाका विपक्षी नेता सुवेन्दु अधिकारीले राष्ट्रिय चुनाव आयोगप्रति आभार व्यक्त गरेका छन् । सोसियल मिडियामा एक पोस्ट गर्दै श्री अधिकारीले चुनाव आयोगले विशेष परिस्थितिलाई ध्यानमा राख्दै एसआईआर प्रक्रियाको सुनुवाइमा केही वर्गका मतदाताहरूलाई व्यक्तिगत रूपमा उपस्थित हुनबाट छुट दिन तीन महत्त्वपूर्ण निर्देशनहरू जारी गरेर एक सराहनीय कदम चालेको बताउनुभयो।

]आफ्नो पोस्टमा श्री अधिकारीले, 'यो निर्णयले अहिले राज्यबाहिर बसिरहेका मतदातालाई ठूलो राहत मिल्ने बताउनु भयो। चुनाव आयोगको यो निर्णयले हजारौँ मतदातालाई ठूलो राहत मिल्ने र लोकतान्त्रिक प्रक्रियामा उनीहरूको सहभागिता सुनिश्चित गर्न मद्दत पुग्ने सुवे ेन्दु अधिकारीको भनाइ छ । उहाँले चुनाव आयोगको यो कदम व्यावहारिक र सार्वजनिक हितमा रहेको र यसले राज्यबाहिर रहेका वा जबरजस्ती बस्ने जनताको अधिकारको रक्षा गर्ने बताउनु भयो ।

**एसआईआर**

खरसाङ खण्ड विकास कार्यालयमा चलिरहेको एसआईआरको सुनवाईमा जनसाधारणलाई पर्न जाने दस्तावेज सम्बन्धित समस्यामा पञ्चायत समितिले सहयोग गर्ने भएको छ। जनसाधारणलाई कुनै पनि सहयोग चाहिएमा खरसाङ पञ्चायत समितिको तर्फबाट हेल्प डेक्समार्फत सहयोग प्रदान गरिने बताइएको छ। खरसाङ पञ्चायत समितिकी सभापति अनु प्रधानले जनसाधारणलाई चिन्तित नभई दिन आह्वान पनि गरेकी छन्। उनले पत्रकारहरुसित कुराकानी गर्दै कागज पत्र सम्बन्धित कामकाजको लागि जनसाधारणलाई समिति कार्यालयमा आएर सम्पर्क गर्न सक्ने बताउदै एसआईआर विषयमा साथै यसको सुनवाईलाई लिएर जनसाधारणलाई आतंकित नभइ कुनै पनि प्रकारको सहयोग चाहिएमा खरसाङ पञ्चायत समिति सहयोग गर्न तत्पर रहेको बताएकी छन्।

**A fire**

पश्चिम बंगालको दक्षिण २४ परगना जिल्लाको सागरद्वीप टापुमा आज बिहान गंगासागर मेला परिसरमा आगलागी हुँदा धेरै अस्थायी आश्रयस्थलहरू जलेर नष्ट भएका अधिकारीहरूले बताएका छन्। घटनामा मानवीय क्षति भने नभएको बताइएको छ ।

**गोर्खा सांस्कृतिक संस्थान**

गोर्खा सांस्कृतिक संस्थान खरसाङको सभा आज गोर्खा सांस्कृतिक चिन्तन भवन, आईएनए बस बिसौनी परिसरमा संस्थानकी अध्यक्ष आशा मुखिया लामाको अध्यक्षतामा सम्पन्न भयो। सभामा गोर्खा नव-वर्ष 2083 लाई भव्य स्वागत जनाउँदै दुई दिवसीय कार्यक्रम आयोजना गरिने सभामा सर्वसम्मतिले निर्णय लिइयो। सभामा पहिलो वैशाखका दिन खरसाङ अनि वरिपरि क्षेत्रका सम्पूर्ण संघ संस्था, जातगोष्ठी समुदाय, पाठशाला, महाविद्यालयका छात्र-छात्रा, सरकारी, गैरसरकारी प्रशिक्षण केन्द्रका प्रशिक्षणार्थीहरूलाई समावेश गरेर जातीय पोशाकमा सज्जिएर नव-वर्षलाई गीत, संगीत, नृत्य अनि नौमतीले स्वागत जनाउँदै विराट अनि भव्य सांस्कृतिक शोभायात्राको आयोजना गर्ने निर्णय लिइयो।

**आगो**

सिलगढ़ी शहरको आश्रमपाड़ास्थित रामकृष्ण क्लब नजिक एउटा घरमा आज बिहान भयानक आगो लागेको घटना प्रकाशमा आएको छ। प्रारम्भिक रूपमा आगलागीको कारण शर्ट सर्किट रहेको बताइएको छ। घटना भएको बेला घर नजिकै अवस्थित एउटा स्कूलमा एसआइआर प्रक्रियाको काम भइरहेको थियो। त्यसैबेला डाबग्राम फायर स्टेशनका दुई जना दमकलकर्मीहरू त्यहाँ उपस्थित थिए। अचानक घर नजिक आगो लागेको सूचना पाउनसाथ स्थितिको गम्भीरतालाई बुझेर दुवै दमककर्मीहरू घटनास्थलमा पुगे अनि आफूसित रहेको फायर फायर एक्सटिंग्विशरको मद्दतले आगोलाई निभाउने चेष्टा गरे।
अर्कोतिर सूचना पाउनसाथ सिलगढ़ी फायर स्टेशनबाट दुईवटा दमकल वाहनहरू घटनास्थलमा पुगे। दमकलकर्मीहरूले कड़ा

परिश्रम गरेर क्षणभरमै आगोलाई नियन्त्रण गरे। तथापि यस घटनाा घरको एउटा कोठा जलेर नष्ट भएको छ जसबाट सम्बन्धित परिवारलाई ठूलो क्षति भएको छ।

**शीतलहर**

मौसम विभागका अनुसार राज्यमा आगामी चारदेखि पाँच दिनसम्म चिसो जारी रहने जनाएको छ। साथै बिहानको समयमा पनि कुहिरोको प्रभाव देखिनेछ। यसैबीच कोलकातासहित दक्षिण बंगालका धेरै जिल्लाहरू बिहान र बिहानको समयमा चिसो रहनेछन्। यद्यपि, हुगली, उत्तर र दक्षिण २४ परगना, मुर्शिदाबाद र नादियाका केही क्षेत्रहरूमा चिसो हावाका कारण, वास्तविक चिसो महसुस तापमानको पढाइभन्दा बढी महसुस हुन सक्छ। यसका साथमा विभागले राज्यका ११ जिल्लामा कुहिरोको चेतावनी जारी गरेको छ। यसमा दक्षिण बङ्गालका सात जिल्ला र उत्तर बङ्गालका चार जिल्लाहरू समावेश छन्। बाक्लो कुहिरोले केही स्थानलाई ढाक्ने र दृश्यता कम हुने सम्भावना छ।

**कैजले**

राज्य सरकारको ग्राममुखी परियोजना "आमादेरपाडा आमादेर समाधान" अन्तरगत राज्यको विभिन्न हिस्सा सरह दार्जिलिङ पहाडको विभिन्न स्थानहरुमा कामहरू धमाधम भईरहेको छ।यसै क्रममा राज्यकै सबैभन्दा ठुलो खण्ड दार्जिलिङ पुलबजार खण्डको विभिन्न ग्रामहरुमा योजना अन्तर्गतको कामहरूको धमाधम शिलान्यास भईरहेको छ। यस अन्तरगत कैजले ग्रामको दुईवटा बुथहरु क्रमैले ३५ अनि ३६ भित्रपर्ने दुई वार्डका चारवटा गाउँहरु क्रमश लोवर अनि अप्पर लिङ्तेन तथा लोवर अनि अप्पर सिरिसेलाई लिएर साना-ठूला १२ वटा परियोजनाहरूको शिल्यान्यास एकै स्थानबाट विधिवत रुपमा गरियो।

****** ० ******